१. वर्षाको भेल क्षणिक हुन्छ, तर्न खोज्नुभन्दा पर्खनु बेस हुन्छ ।

२. सहज रूपमा लिनसके कुनै पनि समस्या जटिल हुँदैन ।

३. दुःखको अनुभूति नगरेकाले सुखको स्वाद पनि थाहा पाउन सक्दैन ।

४. आफूलाई कमजोर सम्झने व्यक्ति सधैं पछि पर्दछ ।



५. उज्यालो चाहनेले प्रतीक्षा गर्न सक्नुपर्छ ।

६. बत्ती बाल्नुहोस् अँध्यारो आफैँ भाग्दछ,

७ असल काम गर्नेले स्वर्ग जाने भऱ्याङ बनाइरहनु पर्दैन ।

८. प्रत्येक पाइलामा खतरा छ भने प्रत्येक श्वासमा मृत्यु छ ।

९. सरलता नै सज्जनको
गहना हो ।

१०. वेदनालाई सम बनाउन नसक्दा
समवेदना दिनुको कति औचित्य होला ।

११. आफू स्वयम् हाँस्न नसक्नेले
अरूलाई पनि हँसाउन सक्दैन ।

१२. प्रेमले सबैलाई जित्न सकिन्छ तर
प्रेमको गलत अर्थ लगाउनेलाई
सकिँदैन ।



१३. भौतिक वस्तुबाट पाउने आनन्द
क्षणिक हुन्छ ।

१४. गलत सोच हुने मानिसले गरेका
सबै काम गलत नै हुन सक्छन् ।

१५. कहिल्यै नटुङ्गिने यात्रामा हिड्नेले
दगुर्नु मूर्खता हुनेछ ।

१६. बाहिरी आँखाले उज्यालोमा मात्र
देख्न सक्दछ तर भित्री आँखाले
उज्यालो अँध्यारो दुबै
अवस्थामा देख्न सक्दछ

१७. बोल्नेभन्दा बढी सुन्ने
बानी बसालौं ।

१८. पिरोको स्वाद थाहा पाउनेले मात्र
खुर्सानीलाई चिन्दछ ।

१९. बाँच्नको लागि सम्झिनेभन्दा
बिर्सने शक्तिले बढी महत्त्व राख्दछ ।

२०. नदीको किनारामै रहेको वरको
वृक्ष पनि सुक्न सक्दछ ।



२१. नचिनेसम्म डर
लाग्दैन ।

२२. बाघको छाला ओढ्दैमा बोको बाघ
बन्न सक्दैन ।

२३. मन नडराएसम्म साथीको
खोज हुँदैन ।

२४. सयौं सज्जनको सङ्गत गरौं तर
एकजना मूर्खको पनि सङ्गत नगरौं

२५. ताकत हुँदासम्म लौरो
टेकिन्न ।

२६. छ्यानु जोगिएसम्म
ओत मिल्दछ ।

२७. शरीर कमजोर भएपछि
रिस बढी उठ्छ ।

२८. आश गरेको वस्तु नपाएपछि
दुःख जन्मिन्छ ।



२९. पर्खालको घेराभित्र रहेको बाघलाई
स्वतन्त्र रहेको भन्न सकिन्न ।

३०. आफूलाई नचिनेसम्म अरूलाई
चिन्न सकिन्न ।

३१. अँध्यारोमा छायाले पनि
साथ छोड्दछ ।

३२. जन्ती र मलामी हुने मान्छे
एउटै हुन्छ ।

३३. पानीको आफ्नो आकार हुँदैन भाँडाले उसको आकार दिन्छ ।

३४. बाहिर खोज्नेले दुःख पाउँछ
भित्र खोज्नेले सुख पाउँछ ।

३५. मानिस आफै सुख र दुःखको कारक हो ।

३६. घाममा हिँड्दा मात्र शीतलताको बोध हुन्छ ।



३७. मानिसले मानिसलाई मात्र आफन्त सम्झेर व्यवहार गरे 'झगडा' भन्ने शब्दको आवश्यकता पर्दैन ।

३८. विश्वास, प्रेम र साहसलाई साथी बनाउनुपर्छ ।

३९. जीवन जिउनको लागि मात्र होइन,
यो त जगत्को जगेर्ना गर्न, जल जङ्गल र जनताको जतन गर्न पनि हो ।

४०. सुख पछिको दुःख सहन गाह्रो हुन्छ ।

४१. पर्खाइ पछिको मिलनले छुट्टै आनन्द दिन्छ ।

४२. कल्पनामा खेल्दा जुन आनन्द मिल्दछ त्यो यथार्थभन्दा फरक हुन्छ ।

४३. गाडीलाई नियन्त्रणमा लिन सक्ने गरी मात्र हाँक्नुपर्दछ ।

४४. रातमा एउटा सूर्य बाल्न सके धेरै बत्ती बाल्न आवश्यकता पर्दैन ।



४५. जिभ्राले लिने स्वाद नाकले लिन सक्दैन ।

४६. चस्माको सिसाको रङ्गलाई आँखाले स्विकार्नै पर्दछ ।

४७. टल्कने वस्तुले आफ्नो वास्तविक स्वरूपलाई देखाउँदैन ।

४८. नजिक रहेर टाढा हुनुभन्दा टाढै बस्नु जाती ।

४९. मनपरेको वस्तु देखेर पनि पाउन सकिँदैन भने नदेखेकै जाती ।

५०. ममात्रै विज्ञ हुँ भन्ने मान्छे स्वयम् नै मूर्ख हो ।

५१. गोलीले लागेको भन्दा बोलीले लागेको चोट बढी पीडादायी हुन्छ र यो चोट निको हुन पनि कठिन हुन्छ ।

५२. क्षमा दिनु ठूलो मान्छेको गुण हो ।



५३. हतियारको युद्ध गर्नुभन्दा विचारको युद्ध गर्नु बेस

५४. खोलाले छोडेको बगर तत्कालै खेत बन्न सक्दैन ।

५५. आँखा नदेख्नेले रङ्ग छुट्याउन सक्दैन र अज्ञानीले ठीक बेठीक ।

५६. पाउँदाको भन्दा दिँदाको आनन्द बढी हुन्छ ।

५७. गर्मीको भन्दा जाडोको घाम बढी प्यारो लाग्दछ ।

५८. बेफुर्सदी मानिसले समयमै काम पूरा गर्दछ तर फुर्सदीले पूरा गर्न सक्दैन ।

५९. मानिस त्यस्तो प्राणी हो जसलाई बढी बोझको भारी बोकायो भने छिटो हिँड्छ र समयमै गन्तव्यमा पुग्दछ ।

६०. छाता समालेर ओढ्न नसक्नेले ओढ्ने प्रयास नगर्नु नै बेस हुन्छ ।



६१. सबै पहेँलो धातु सुन हुन सक्दैन ।

६२. उपभोग गरेको मात्र आफ्नो सम्पत्ति हो ।

६३. फोहोरको थुप्रोमा पनि सुन्दर वस्तु मिल्न सक्छ ।

६४. आँसु बगेको देख्न मनपराउनेले हाँसेको देख्न चाहँदैन ।

६५. वस्तुको मूल्य आवश्यकतामा
निर्भर गर्दछ ।

६६. प्रयत्न गरेरै रत्न प्राप्त
गर्न सकिन्छ ।

६७. जमेको पानीलाई कसैले
मन पराउँदैन ।

६८. धमिलो पानीमा
छाया देखिँदैन ।



६९. आफू बाँच्न चाहनेले अरूलाई
पनि बाँच्न दिनुपर्दछ ।

७०. मानिस विचार र दृष्टिकोणले मात्र
एक अर्कामा फरक हुन्छन् ।

७१. टाढाबाट हेर्दा सबै वस्तु राम्रो लाग्छ
किनकि त्यसलाई राम्ररी नियालेर हेरकै हुँदैन ।

७२. आँखा नदेख्नेलाई रङ्गीन संसार
पनि कालो नै लाग्दछ ।

७३. रोजेर लिएको भन्दा खोजेर
पाएको वस्तुबाट बढी सन्तुष्टि मिल्दछ।

७४. सङ्गतबाट विचारमा
प्रभाव पर्दछ।

७५. आपत्तिको बेलामा धैर्य लिन
सके सफलता मिल्दछ।

७६. कसैको घमण्ड तोड्नलाई ऊ भन्दा बढी
शक्ति र हैसियत भएको व्यक्तिलाई
उपस्थित गराइदिनुपर्दछ।



७७ फूलसँग नाता राख्न खोज्नेले काँडाले
घोचेको सहने क्षमता राख्नुपर्छ।

७८. घारको छेउमै चिनीको भण्डार भेटे
रसका लागि माउरी जङ्गल जाँदैन र
चिनी सकिएको दिन सबै माउरी मर्दछन्।

७९. बुझ्नेभन्दा नबुझ्ने व्यक्ति सुखी
रहन्छ।

८०. अरूलाई तल तान्ने मान्छे स्वयम्
अझ तल हुन्छ।

८१. टोपीलाई शिरमै राख्दा
शोभा दिन्छ ।

८२. आफू आफैबाट सञ्चालित हुनुपर्छ
अरूबाट होइन ।

८३. आफूले आफैँलाई सानो र
कमजोर कहिल्यै सम्झनु हुँदैन ।

८४. साना-साना प्राप्तिबाट पनि ठूलो
खुसी लिन सकिन्छ भन्ने तथ्य बिर्सनुहुन्न ।



८५. कसैप्रति वैरभाव राख्नुभन्दा क्षमाशील
बन्नु बेस हुन्छ ।

८६. खुसी खोजेर होइन स्थिर रहेर
पाउन सकिन्छ ।

८७. बोल्ने क्षमता धेरैमा पाइन्छ तर सुन्ने
धैर्य कममा मात्र पाइन्छ ।

८८. आफ्नै विचारमा दृढतापूर्वक अडिन
सिक्नुपर्दछ ।

८९ भीडको पछि लाग्नुभन्दा भीडलाई विवेकपूर्णरूपले हेर्ने गर्नुपर्छ ।

९०. कुनै पनि कामलाई सम्मानपूर्वक हेरेर र ध्यानपूर्वक त्यसैमा केन्द्रित भएर गर्नुपर्छ ।

९१. कुनै पनि कामबाट सफलता त्यो काम हेर्नेले होइन गर्नेले पाउँदछ ।

९२. ठूला-ठूला गफबाट साना-साना काम पनि हुन सक्दैन बरु साना-साना निरन्तर प्रयासबाट ठूला-ठूला काम हुन सक्दछन् ।



९३. शिखरमा पुग्ने काम कडा परिश्रमबाट मात्र सम्भव भएको हो; संयोगले भएको होइन ।

९४. सामान्यखाले मान्छे सम्म बाटोमा मात्र हिड्न खोज्दछ ऊ त्यसैले शिखरमा कहिल्यै पुग्दैन ।

९५ कुनै पनि वस्तुको मोल थाहा पाइँदैमा त्यसको महत्व बुझिँदैन ।

९६. आलोचना सुन्ने धैर्य बढाई र त्यसलाई केलाएर बुझ्ने पार्नुपर्छ ।

९७. सयथरिका पुस्तक लेखेर कोठामा
थन्क्याउनुभन्दा एउटै पुस्तक लेखेर
सयथरिका मानिसको हातमा
पुऱ्याउनु बेस हुन्छ ।

९८. प्रत्येक मानिस एउटा वर्ग हो,
ऊ छुट्टै खेमाको रूपमा हुन सक्छ ।

९९. असल चरित्रको बन्न सक्नु नै
ठूलो सफलता हो ।

१००. असहज परिस्थितिमा सहज
ठानेर संयमका साथ अघि बढ्न सिक्नैपर्छ ।



१०१. प्रश्न अरूलाई भन्दा बढी
आफैलाई गर्नुपर्छ ।

१०३ विश्वासको कमी रहेमा सफलता
नजिक आएर पनि हात लाग्न सक्दैन ।

१०४ उत्साहित सुरुवातबाट मात्र काम
सफल हुँदैन त्यसका लागि दृढ निरन्तरताको
आवश्यकता पर्दछ ।

१०५. धेरै काममा हात हालेर नराम्ररी गर्नुभन्दा
एउटै काम राम्ररी गर्नु बेस हुन्छ ।

१०६. कसैको गालामा पनि आँसुले शोभा
दिँदैन ।

१०७. प्रत्येक बिहानीमा नयाँ युग र नयाँ जीवनको
सङ्केत गर्दछ ।

१०८. लुलो लौराले बूढो शरीरलाई
भर र शक्ति दिन सक्दैन ।

१०९. हारको डरले कोसिस नगर्नेहरू
जीत पनि हातपार्न सक्दैनन् ।



११०. आफ्नो भाग्यको निर्णय
अरूबाट हुन सक्दैन ।

१११. समृद्ध हुनको लागि मितव्ययी
हुनु आवश्यक हुन्छ ।

११२. अगाडि र पछाडिका बोझ
बाँड्न सके आफूलाई हलुका हुन्छ ।

११३. त्यही काममा हात हाल्नु बेस
हुन्छ जुन काम आवश्यक र सम्भव छ ।

११४. गर्नैपर्ने काम छ भने त्यसलाई
सरल र सहज सम्झिनै पर्दछ ।

११५. अरूले गरेको गल्तीबाट पनि
कैयौँ कुराहरू सिक्न सकिन्छ ।

११६. आफूले गर्ने प्रत्येक कामलाई
जिम्मेवारीपूर्वक गर्ने गर्नुपर्दछ ।

११७. प्रत्येक चुनौतीहरूलाई अवसरको
रूपमा लिने गर्नुपर्दछ ।



११८. गन्तव्य स्पष्ट नहुने मान्छेका
लागि बस्नु र हिँड्नुमा कुनै
फरक पर्दैन ।

११९. लक्ष्यविनाको श्रम
व्यर्थ हुन्छ ।

१२०. अरूले देख्न र सुन्न मिल्ने लायकका
कामहरू गर्न लायक हुन्छन् ।

१२१. जीवनमा मौका धेरै पटक आउँछन्
तर पहिलोजस्तो मौका कहिल्यै आउँदैन ।

१२२ . मानिस उमेरले होइन विचारले परिपक्व हुन्छ ।

१२३. अरूको निन्दा गर्ने व्यक्ति महान् बन्न सक्दैन ।

१२४. अर्ती र उपदेश ग्रहण गर्न पनि योग्यताका आवश्यक पर्दछ ।

१२५. नहुनेको पीडा हुनेले बुझ्न सक्दैन ।



१२६. भारी बोक्दाको बोझको अनुभव गर्न र पीडा बुझ्न भारी बोक्नै पर्दछ ।

१२७. बत्तीले बाटो देखाउँदछ भने लट्ठीले बाटो ठम्याउँछ ।

१२८. कमभन्दा कमसँग विरोध गर्ने र बढीभन्दा बढीसँग प्रेमपूर्वक व्यवहार गर्ने व्यक्तिलाई बाँच्न सजिलो हुन्छ ।

१२९. आफूभन्दा कमजोरसँगको मुद्दामा जित्दा र हार्दाको दुबै अवस्थामा यश प्राप्ति हुँदैन ।

१३०. घरबाट मिल्ने सुख र आनन्द
परबाट कहिल्यै मिल्न सक्दैन ।

१३१. विष नभएको सर्पले पनि ठूला
ठूला फणा देखाउन सके उसका
शत्रुहरू डराउँदछन् र ऊ सुरक्षित
रहन सक्दछ ।

१३२. आँखा सबैको उस्तै-उस्तै भए पनि
हेराइ फरक-फरक हुन्छ ।

१३३. बत्ती बल्नको निमित्त हावा चाहिन्छ
तर त्यही हावा बढी भएमा बत्तीलाई
निभाइदिन्छ ।



१३४. हडबडमा गरेको निर्णय
गडबड हुनसक्दछ ।

१३५. गर्नै पर्ने काम बलले गर्न सकिएन
भने छलले भए पनि पूरा गर्नुपर्दछ ।

१३६. ठूलो प्राप्तिको चाहना राख्नेले
सानोमा लोभ गर्नुहुँदैन ।

१३७. धेरै बलियो शत्रुसँग युद्ध गरिरहनुभन्दा
सन्धि गर्नु राम्रो हुन्छ ।

१३८. सुख एक्लै आउँछ भने दुख
लस्कर लागेर आउँदछ ।

१३९. स्वस्थ र बाँच्न चाहने रोगीको
जिभ्राले स्वाद बिर्सनुपर्दछ ।

१४०. जति शास्त्र पढे पनि लोकव्यवहार
नजान्ने व्यक्ति मूर्खसमान हुन्छ ।

१४१. बढेको र अढेको देख्न चाहने
आँखाले लडेको देख्न सक्दैन ।



१४२. आँखा बन्द गर्दा संसार देखिन्छ
भने आँखा खोल्दा थोरै अगाडि मात्र ।

१४३. लक्ष्य टाढै पुग्ने लिए पनि
बाटो हिँड्दा नजिकबाट नियालेर
हेर्नु आवश्यक हुन्छ ।

१४४. मूल्य थाहा नहुनेका लागि बहुमूल्य
वस्तु पनि मूल्यहीन लाग्दछ ।

१४५. रित्तो गाग्रीले आवाजबाहेक अरू
केही पनि दिन सक्दैन ।

१४६. गोलो वस्तु गुड्न सक्दछ
स्थिर भएर बस्न सक्दैन ।

१४७. जतिसुकै ठूलो नदीले पनि
महासागरमा पुगेपछि आफ्नो अस्तित्व
गुमाउनै पर्छ ।

१४८. आपसी सम्बन्धलाई गाडा
बनाउने हो भने धन, उमेर, शिक्षा
जस्ता कुराहरूलाई बीचमा ल्याउनु हुन्न ।

१४९. सही र हितकर सल्लाह दिने व्यक्तिभन्दा
अन्य सल्लाह दिने व्यक्ति बढी हुन्छन् ।



१५०. अरूको भन्दा बढी गल्ती आफूबाट पनि
हुनसक्छ, त्यसलाई स्वीकार्न सक्नुपर्दछ ।

१५१. आध्यात्मिक एवम् फराकिलो सोच
लिएर अगाडि बढेमा सफलता टाढा हुँदैन ।

१५२. वर्तमान अवस्थामा जे जति प्राप्त छ
त्यसप्रति कृतज्ञ हुँदै अगाडिको
लक्ष्यतिर बढ्नुपर्छ ।

१५३. मूलद्वारबाट प्रवेश गर्न नसक्ने
अवस्थामा मात्र प्रवेशको लागि झ्यालको
प्रयोग गर्नुपर्छ ।

१५४. पानी स्वयम् फोहोर भयो भने सफा
संसारको कल्पना पनि गर्न सकिन्न ।

१५५. असफल हुँदा भाग्यलाई दोष नदिएर
बरु अगाडि बढ्ने पाठको रूपमा लिनुपर्छ ।

१५६. जे कुरा सधैँ सोचिरहन्छौ त्यही हुने
गर्छ, त्यसैले असल सोच बनाउनुपर्छ ।

१५७. आपत्तिलाई सहज रूपमा स्वीकार्न
सकियो भने असहजताको महसुस हुँदैन ।



१५८. नसोचेका घटनाहरू जीवनमा कमै
घट्छन् तर ती घटनाहरू नै बढी
महत्त्वपूर्ण हुन्छन् ।

१५९. सभ्यता सहरमा बसेर होइन
स्वभावले देखाउँदछ ।

१६०. आनन्दको महसुस बेहोसमा रहेर
होइन होसमा नै लिन सक्नुपर्छ ।

१६१. मानिस आफन्तसँगै बढी रिसाउँछ
र झगडा पनि गर्ने गर्दछ ।

१६२. क्रोध भावनालाई दमन र वमन
होइन यसलाई समन गर्नुपर्छ जसबाट
सद्भाव जन्मन्छ ।

१६३. मिहिनेती, सीपवान, चरित्रवान् र
बुद्धिमान् व्यक्ति स्वतः धनवान् हुन्छ ।

१६४. हँसिलो र उत्साहित अनुहार लिएर
हिँडेमा व्यक्तित्व बढाउन शृङ्गारको
आवश्यकता पर्दैन ।

१६५. जसले भित्र पस्ने ढोका नै पत्ता लगाउन
सक्दैन उसले भित्रको बारेमा सोच्नु
व्यर्थ हुन्छ ।



१६६. सही मार्ग हिडेमा मात्र
गन्तव्यमा पुगिन्छ ।

१६७. दुःखदेखि डराएर भाग्नेले
अझ बढी दुःख पाउँछ ।

१६८. माया दिइने वस्तु हो भने
आनन्द लिइने वस्तु हो ।

१६९. माया माथिबाट तल झर्दै जान्छ
आनन्द तलबाट माथि सर्दै जान्छ ।

१७०. प्रश्न सोध्नेले उत्तर पनि
जानेको हुनुपर्छ ।

१७१. काँचो वस्तुलाई पकाउनु राम्रो
हुन्छ भने पाकेको वस्तुलाई उपयोगमा
ल्याइहाल्नु राम्रो हुन्छ ।

१७२. रसिलो वस्तुलाई चपाउँदा
मात्र रस निस्कन्छ ।

१७३. माटाको भाँडालाई नफुट्दासम्म
मात्र जतन र माया गरिन्छ फुटेपछि
फाल्ने काम मात्र गरिन्छ ।



१७४.बोकेको भारी बिसाउनलाई
उचित स्थानको आवश्यकपर्छ तर
मिल्काउनलाई स्थानको खोजी गर्नु
त्यति आवश्यक पर्दैन ।

१७५. हरेक साँझले जीवनलाई
मृत्युको नजिक धकेलिरहेको हुन्छ ।

१७६. उच्च शिखरमा पुग्ने लक्ष्य
लिएको यात्रीले बोझबाट सकेसम्म
मुक्त हुनुपर्छ ।

१७७. होस रहेको अवस्थामा फराकिलो र
सुन्दर सपना देख्ने गर्नु राम्रो हुन्छ ।

१७८. घोडा दौडाउन चाहनेसँग केवल
चाहना र आँट भएर पुग्दैन शक्ति
पनि चाहिन्छ ।

१७९. स्पष्ट हेर्ने, सुन्ने र
विचार गर्ने व्यक्तिले मात्र
सफलता हात पार्नसक्छ ।

१८०. कुनै पनि क्षेत्रमा हात हाल्दा
उत्कृष्ट परिणामको लक्ष्य लिनुपर्छ

१८१. जे काम गरिन्छ त्यसैमा
केन्द्रित भई त्यसलाई माया गरेर
गर्नुपर्छ ।



१८२. वर्तमान समयलाई सबैभन्दा
बढी महत्त्वपूर्ण ठानेर उक्त समयलाई
सबैभन्दा महत्त्वपूर्ण काममा खर्च गर्नुपर्छ ।

१८३. नयाँ सोच, नयाँ दृष्टिकोण र फरक
तरिकाले हेर्ने बानीको विकास गर्न
सके फरक बन्न सकिन्छ ।

१८४. मानिस र मानिसको
व्यवहार पढ्नु र व्यवहारमा उत्तार्नु
सबैभन्दा कठिन कार्य हो ।

१८५. शतप्रतिशत सफलता र प्राप्तिका
लागि समर्पण र लगनशीलता
पनि शतप्रतिशत नै हुनुपर्छ ।

१८६. डरले व्यक्तिलाई कमजोर मात्र
बनाउँदैन असफल पनि बनाउँछ ।

१८७. आँटिलो र सङ्घर्षशील व्यक्ति
नै लक्ष्यसम्म पुग्न सक्छ ।

१८८. एउटा कामको सफलताले
अर्को काम गर्न आत्मविश्वास बढाउँछ ।

१८९. आफूबाट हुन नसक्ने कामको
बारेमा सोचेर समय बर्बाद गर्नुभन्दा
सक्ने काम गर्नमा तुरुन्त लागिहाल्नुपर्छ ।



१९०. गलेर सकिनुभन्दा
बलेर सकिनु उत्तम हुन्छ ।

१९१. भोकले रोग जन्माउँछ भने
रोगले शोक जन्माउँछ ।

१९२. रङ्गहीन पदार्थलाई जुनसुकै
रङ्गमा रूपान्तरण गर्न सजिलो हुन्छ ।

१९३. आँसुको मूल्य रगतले
तिर्न सकिन्न ।

१९४. नहुनेको पीडालाई हुनेले
बुझ्न सक्दैन ।

१९५. पाएर नपुग्नेलाई दिनु मूर्खता
मात्र हुनेछ ।

१९६. समुद्रको पिंधमा पुगेर
फर्किन सजिलो छ तर मानिसको
दिलभित्र पसेर निस्कन कठिन छ ।

१९७. मानिसको मनलाई लातले र
साथले छुन सक्दैन यो केवल
बातले मात्र छुन सक्दछ ।



१९८. लाज र त्रास बोकेर हिड्नेले
सफलताको आश नगरे हुन्छ ।

१९९. मनलाई जमिनमा गुडाएर
होइन आकाशमा उडाएर हेर्न सक्नुपर्छ ।

२००. कल्पनाशक्ति भएमा
एक्लो र निरास कहिल्यै भइन्न ।

२०१. कलङ्कको दागलाई आँसु
र रगतले धोएर सफा गर्ने प्रयास
गर्नुको कुनै अर्थ छैन ।